O1001147

# NEPALI

*Maximum Marks: 80*
*Time Allotted: Three Hours*
*Reading Time: Additional Fifteen Minutes*

Downloaded From www.icseboard.org

## Instructions to Candidates

1. You are allowed an **additional fifteen minutes** for **only** reading the question paper.
2. You must **NOT** start writing during reading time.
3. This question paper has **12 printed pages.**
4. It is divided into **two sections: Section A and Section B.**
5. It has **fifteen questions** in all.
6. **Section A** has **three questions.** All questions are compulsory.
7. While attempting **Multiple Choice Questions** in Section A, you are required to **write only ONE option as the answer.**
8. **Section B** has **twelve questions.** You are required to attempt **any four** questions in this section on **any three** out of the four prescribed textbooks.
9. The intended marks for questions are given in brackets [ ].

## Instruction to Supervising Examiner

1. Kindly read **aloud** the Instructions given above to all the candidates present in the examination hall.

## SECTION—A

## LANGUAGE - 40 MARKS

**Question 1** **[15]**

**Write a composition in approximately 400 words in Nepali on any one of the topics given below.**

**निम्नलिखित विषयहरूमध्ये कुनै एउटा विषय छानेर नेपालीमा अन्दाजी 400 शब्दहरूको लम्बाइमा रचना लेख्नुहोस्।**

(i) प्रकृतिको काखमा बसेर समय बिताउन अति नै आनन्दमय हुन्छ। तपाईंले प्रकृतिसित बिताउनु भएको कुनै क्षणको अनुभव साझा गर्दै यसबाट के प्रेरणा पाउनुभयो वर्णन गर्नुहोस्।

(ii) 'शिक्षामा मातृभाषाको आवश्यकता र महत्व' यस विषयको पक्ष वा विपक्षमा आफ्नो मत व्यक्त गर्नुहोस्।

(iii) तपाईंले गर्नुभएको कुनै एउटा यस्तो यात्राको वर्णन गर्नुहोस्, जहाँ तपाईंले भोगेका समस्यासितै प्राप्त गरेका नयाँ ज्ञान र संस्मरणको चर्चा होस्।

(iv) सम्मुन्नत राष्ट्र निर्माणमा देखापरेका चुनौतीहरुको चर्चा गर्दै आफ्नो विचार प्रकाश पार्नुहोस्।

(v) 'अनुशासित व्यक्ति सधैं खुशी र सुखी हुन्छ अनि स्वस्थ्य जीवन बिताउँछ।' यस भनाईलाई सविस्तार व्याख्या गर्नुहोस्।

(vi) निम्नलिखित कुनै एक विषयमा मौलिक कथा लेख्नुहोस्।

(a) आमाको ममता

(b) सफलता।

**Question 2**

**Read the passage given below carefully and answer in Nepali the questions that follow, using your own words.**

**निम्नलिखित अवतरण ध्यानपूर्वक पढ़ेर त्यसपछि दिइएका प्रश्नहरूका उत्तर जतिसक्दो आफ्नै शब्दहरू प्रयोग गरेर लेख्नुहोस्।**

रने र उसकी स्वास्नी सेती बेलुका इष्टमित्रकहाँ गएका थिए। उहीं खानपिन प्रशस्त भयो, उसैले घर फर्केपछि पकाउने लण्ठा नपरेकोले झमक्क भएसम्म बारीमा नै अलमल गरे। घरभित्र पसेको एकछिनपछि उनीहरूको सुत्ने बेला भइहाल्यो। रने घुस्स फुलेको थियो, त्यसैले सेती अनेक कुरा उठाई उसँग एक दुई शब्द खोस्नपट्टि थिई।



Downloaded From www.icseboard.org

'हाम्रो भित्र त यसलाई ढिकीच्याउँ भन्छ। तपाईँहरू के भन्नुहुन्छ हँ ?'

'कुन्नि के भन्छ।'

'यल्ले त कपाल चोर्छ रे हो ?'

नजीकैको जुत्ता टिपेर रनेले कीरोलाई मार्न उजायो। उसकी स्वास्नीको 'नमार! नमार!' लाई टेरै नलाई एकै चोटमा भुतुक्क पारिदियो।

'हरे नारायण, बैकुण्ठवास होस्। अर्काले भनेको कत्ति नमान्ने छि! कतिको पाप लाग्यो बाबै!'

'जति लाग्छ लागोस्।'

'उता गुन गुन गरेको सुनिन्छ। अर्को साथी रैछ क्यारे।'

'मेरो मेख मार्न ल्यायो होला नाई एउटी ठिटी।'

पल्लो कोठामा केही गरुङ्गो चीज ढुङ्ग गरी खसेको आवाजले रनेको निद्रा खुल्यो। सेतीको निद्रा अघिदेखिनै गद्रयाकगुद्रुकको आवाजले खुलिसकेको थियो। दुई तीनपटक सुस्त सुस्त रनेलाई घचघच्याई तर उसको निद्रा खुलेन। यो कुरा खसमलाई दबेको स्वरमा भनी। दुवैजनाले वाल्लपरी उतापट्टि ध्यान दिए, त्यसपछि अरु केही आवाज सुनिएन। बीचमा अर्को खण्ड हुनाले सानोतिनो आवाज सुनिदैनथ्यो। रनेले टुकी बाल्यो, कीलामा सिउरेको भोटो झिक्यो अनि 'लाहुरे मोराले के बिदङ्ग गर्न थाल्यो ए!' भन्दै तना बान्दै ढोकाबाहिर निस्कन लाग्यो। उसकी स्वास्नीले रोकी :

'अघि जुधेर पुगेन ? फेरि जुध्न मन लाग्यो ? भैगो नजाऊ।'

'छड् छड्! दैलोको प्वालबाट मात्तै च्याउँछु ? जति जति यो हाम्रो घरमा...ओहो! को रैछ है त्यो!'

'को, हँ!'

'को, को, ठमाउन सकिनँ। त्यसको कोठाबाट एउटा मान्छे फुत्त निस्केर भाग्यो।'

'हँ! स्वास्नी मान्छे ?'

'लोग्ने मान्छे। टोपी देखें। निको चाल छैन है!'



Downloaded From www.icseboard.org

दुवै जोई-पोइ आँगनमा निस्की लाहुरेको कोठातिर गए। ज्यादा अँध्यारो नभए तापनि नजीकै पुगेपछि मात्र ढोका हाङ्ग देखे। भित्र चुक घोप्ट्याएको जस्तो अन्धकार थियो। निकैबेर कान थापेर सुन्दा पनि न स्वाँफ्वाँको आवाज न अरु कुनै आवाज आयो। रनेको मनमा लाहुरे त्यहाँ छैन भन्ने पक्का भयो। लम्केर आफ्नो कोठामा गई टुकी ल्यायो। देखे–खाटको ओछ्यानमा सिराननेर ठूलो नाङ्लो जत्रो रगतको टाटा परेको; टुकीको दोछायाँले दोबर बढाएको लाहुरेको अथुलाएको शरीर खाटअगाड़ि भूइँमा पत्रिएको; चिउँड़ो, घाँटी, गर्धनमा खुकुरीका ठूल्ठूला घाउ भए तापनि घोक्रो नछिनेको; एकोहोरिएको आँखाले शून्यतातिर हेरी शिर हानिरहेको। अब सेतीले सम्झी एक दुई पटक हानेको आवाजको झटक पनि उसको कानमा परेको थियो, तर त्यसबेला खुकुरीले काटेको भन्ने मन अंशैमा थिएन। रनेले त्यहीँको अंखरा टिपी लाहुरेलाई पानी खुवाइदियो। एकछिनमा हुरुक्क प्राण गयो। पानी सुबिस्तासँग निलियोस् भनी लाहुरेको मुण्टो सोझ्याउँदा कहाँ कहाँ रगत लाग्यो रनेले पत्तै पाएन।

रने अहिलेसम्म चूप थियो, उसकी स्वास्नी भने 'लौन नि कुन पापीले होला ?' 'म त हेर्न पनि सक्तिनँ नि!' 'कसरी सकेको होला, हरे!' इत्यादि भन्दै टुकी देखाइरहेकी थिई।

रनेको मनमा लाहुरे मरेको पक्का भएपछि टुक्रुक्क बसेकोबाट लामो सास फेरेर त्यो उठ्यो।

'राणाको छोरो अहिले मोर्ने थाहा पाएको भए मो किन अधि झगड़ा गर्थ्यो। अब–के गर्ने?'

'पल्लो घरको ?'

'हैन तै तै द्वारेलाई खबर दिन्छु।'

'म त यहाँ एक्लै बस्न सक्तिनँ।'

'त्यहाँ भोजराज बाजेकहाँ जा न, उनीहरू सुतेका छैनन् क्यारे।'

रण बहादुर गुरूङ–उसको पूरा नाउँ त्यही थियो–आफ्नो कोठामा गयो; कोट र टोपी लायो; खुकुरी टिपी भिर्न आँटेको थियो, फेरि के मनमा आयो त्यो खुकुरी जहाँको तहीँ रह्यो। सेतीलाई दुवै कोठाका ढोका हुली जान अह्राई फटाफट द्वारेको घरतिर लाग्यो।

बदली हुनाले जून लागेको थिएन तापनि बाटो हिँड्न सक्नेसम्मको उज्यालो थियो। राती सुनिने आवाज प्रशस्तै थियो तापनि रनेको कानलाई थिएन। रजनीको शासन चल्दाको दृश्यमा आनन्द लिनेलाई हेर्ने



Downloaded From www.icseboard.org

कुरा प्रशस्तै थियो तर रनेको आँखालाई थिएन। लाहुरेको कोठाबाट निस्केको मान्छे को जस्तो थियो त्यही पत्ता लाउनमा उसको ध्यान व्यस्त थियो। तर उसको सारा प्रयत्न विफल भयो। एक त निद्राबाट उठ्ने बित्तिकै आँखाले हम्मेसि राम्रो काम दिँदैन, उसमाथि पनि सलाइको आगो र टुकीको बत्तीमा केहीबेर आँखा लाएर बाहिर अँध्यारोमा हेर्दा त्यही उज्यालोको पहेंलो टाटो एकछिनसम्म नाचिरहन्छ। त्यस्तो अवस्थामा अचानक देखिएको दगुरेको मानिसलाई फलानो हो भन्न कम गाह्रो कुरा थिएन। द्वारेको घर नजीक पुगेपछि एकाएक रने ठिङ्ग उभियो। उसको मनमा अर्को विचार उठ्यो।

द्वारेले उसले माऱ्यो कि भन्ने शंका गरी उसलाई पक्ऱ्यो भने ? मार्ने मान्छे भाग्यो भन्दैमा द्वारेले पत्याउला ? खून भएको थाहा पाउने-साथ किन उसको पछि पछि कराउँदै लगार्दै रने नगएको ? रने जस्तो अग्लो 'ज्वान' मान्छेले त्यसलाई पक्रनु केही अचम्भ थिएन। कि त उसले यो मानिसको नाउँ दिन सक्नुपर्दथ्यो कि हुलिया। रनेले मारेको होइन भने साक्षी नबोल्ने देउता र उसकी स्वास्नी मात्र थिए। 'दूधको साक्षी बिरालो' भनी उसकी स्वास्नीको कुरा कसले सुन्ला ? अनि सबभन्दा गड़ाउको कुरा त–यस्तो होला भन्ने कसरी देख्नु–सेतीको निम्ति दिउँसो लाहुरेसित कुस्ता-कुस्ती पर्दा रिसको झोंकमा 'यसलाई नमारी छोड्दिनँ, गए एक ज्यान त जाला नि' भनी छुट्याउन आउनेहरूको अगाड़ि उसले कुर्लेको थियो। सर जमीन वक्ता उनीहरूले यो कुरालाई अवश्य बिर्सने छैनन्! हरे ? त्यो मानिसलाई पक्रने उसको बुद्धि किन आएन!

**(कथाकार श्री पुष्कर शमसेरद्वारा लिखित 'परिबन्द' कथाबाट)**

(i) रने र सेती कहाँ गएका थिए ? किन उनीहरू झमक्क भएसम्म बारीमा अलमल गरे ? **[3]**

(ii) रनेले के भुतुक्क पारिदियो ? 'बैकुण्ठवास' भन्नाले के बुझिन्छ ? **[3]**

(iii) जोई-पोई भन्नाले के बुझिन्छ ? घटना के भएको थियो ? **[3]**

(iv) कसले कपाल चोर्छ भनिएको छ ? **[1]**

(a) कमिला

(b) ढिकीच्याउँ

(c) चरा

(d) मुसा



Downloaded From www.icseboard.org

(v) 'गरूङ्गो' को अर्थ के हो ? [1]

(a) गह्रौ ओजनिलो

(b) हल्का बस्तु

(c) खाद्यान्न

(d) महङ्गो

(vi) 'जुधेर' भन्नाले के बुझिन्छ ? [1]

(a) आवाज दिनु

(b) मिलेर बस्नु

(c) लड़ेर

(d) नजिकिनु

(vii) रनेको पूरा नाउँ के थियो ? [1]

(a) बहादुर गुरूङ

(b) रने गुरूङ

(c) रण गुरूङ

(d) रण बहादुर गुरूङ

(viii) वक्ता भन्नाले के बुझिन्छ ? [1]

(a) बोल्ने व्यक्ति

(b) सुन्ने व्यक्ति

(c) काम गर्ने व्यक्ति

(d) घटनाको साक्षी

(ix) रजनीको अर्थ के हो ? [1]

(a) दिन

(b) रात

(c) बिहान

(d) पूर्णिमाको रात

Downloaded From www.icseboard.org

**Question 3**

**Do as directed.**

निर्देशानुसार सही विकल्प छनौट गरेर उत्तर दिनुहोस्।

(i) 'भिन्न' शब्दको पर्यायवाची शब्द कुन हो ? **[1]**

(a) खुब

(b) पृथक

(c) प्रत्येक

(d) धेरै

(ii) 'सृष्टि' शब्दको विपरीतार्थक शब्द कुन हो ? **[1]**

(a) प्रकृति

(b) असृष्टि

(c) प्रलय

(d) सृजना

(iii) बाख्राले घाँस खाने ठाउँलाई के भनिन्छ ? **[1]**

(a) डसना

(b) दडिया

(c) टकसाल

(d) टाट्नो

(iv) 'मुखमा राम राम ........।' यो उखान के ले पूरा हुन्छ ? **[1]**

(a) हातमा हतियार

(b) न काम न दाम

(c) गरिदिने कोही छैन

(d) बगलीमा छुरा

(v) थचक्क शब्दको सुहाउँदिलो शब्द कुन हो ? **[1]**

(a) पर्नु

(b) खानु

(c) बस्नु

(d) ढाक्नु

Downloaded From www.icseboard.org

(vi) 'सिथिल' यस शब्दको शुद्ध रूप कुन हो ? [1]

(a) सीथिल

(b) शिथील

(c) शिथिल

(d) सीथील

(vii) 'मनको लड्डू घिउसित खानु' वाग्धाराको अर्थ के हो ? [1]

(a) लोभी हुनु

(b) धेरै खानु

(c) मनमनै खुशी हुनु

(d) आशा गर्नु

(viii) शुद्ध हिज्जेमा 'लिम्बु' को स्त्रीलिङ्ग शब्द कुन हो ? [1]

(a) लिम्बुनि

(b) लीम्बुनी

(c) लिम्बुनी

(d) लुम्बिनी

(ix) 'साथीलाई भेटेर यो पुस्तक दिउँला।' यो वाक्य कुन कालमा छ ? [1]

(a) वर्तमान

(b) भूतकाल

(c) भविष्यत्काल

(d) संदिग्ध काल

(x) भालुको बच्चालाई के भनिन्छ ? [1]

(a) गाडु

(b) छावा

(c) डमरु

(d) गद्दु



Downloaded From www.icseboard.org

## SECTION—B

## LITERATURE - 40 MARKS

Answer *four* questions from this section on ***any three*** out of the four prescribed textbooks.

पाठ्यक्रमभित्रका निर्धारित चार पुस्तकमध्ये कुनै तीनवटा पुस्तकबाट चारवटा प्रश्नहरूको उत्तर लेख्नुहोस्।

## गद्य कुञ्ज (GADYA KUNJ)

**Question 4**

निम्न अवतरित गद्यांश पढ्नुहोस् अनि सोधिएका प्रश्नहरूका उत्तर लेख्नुहोस्।

"नमस्ते, गुरुआमा! यो त तपाईंको घर पो रहेछ नि। स्वर सुनेर आँगनमा उभिएकी उसले हेरी-दुइजना स्वास्नी मान्छेहरू घरतिर हेर्दै उसैलाई सम्बोधन गर्दै उभिएका, एउटा चिर-परिचित अनुहार। दुवै हात प्रत्युत्तर स्वरूप जोड्दै उसले हाँस्दै उत्तर दिई "हो, यो सानो घर।"

(i) उक्त गद्यांश कुन कथाबाट लिइएको हो ? यस कथाको कथाकार को हुन् ? [1]

(ii) आँगनमा उभिएकी स्वास्नी मानिस को हुन् ? चिर-परिचित अनुहार भएको स्वास्नीमान्छे वास्तवमा को थिइन् ? [2]

(iii) यहाँ गुरुआमा को हुन् ? उनलाई के भएको थियो ? [2]

(iv) 'यो सानो घर'–भन्नाले कसको घर र किन सानो भन्ने बुझिन्छ ? कथाको आधारमा छोटो चर्चा गर्नुहोस्। [5]

**Question 5** [10]

'बिहा' कस्तो कथा हो ? यस कथामा पाइने मनोविज्ञानलाई उद्घाटन गर्दै कथाको मूल भाव स्पष्ट पार्नुहोस्।

**Question 6** [10]

"लुखुरे दुवै हातले पुर्पुरो समातेर आँगनमा बस्यो।"–प्रस्तुत कथामा गरीब तथा निम्नवर्गका मानिसहरूले भोग्नु परेको शोषण, अन्याय र अत्याचारबारे सविस्तार चर्चा गर्नुहोस्।

Downloaded From www.icseboard.org

## कविता कुञ्ज (KAVITA KUNJ)

**Question 7**

निम्न अवतरित पद्यांश पढ्नुहोस् अनि सोधिएका प्रश्नहरूका उत्तर लेख्नुहोस्।

'खाई मानु फलाउन मुरी
भिजिरहेछन् यी रोपारहरू
यी हली,
यी आली लाउनेहरू
यी बाउसे
स्वयंसित कस्तरी छली छली!
यो पन्ध्र असारको।'

(i) यो पद्यांश कुन कविताबाट लिइएको हो ? यसको कवि को हुन् ? [1]

(ii) 'खाई मानु फलाउन मुरी'–भन्नाले के बुझिन्छ ? [2]

(iii) असारको झरीमा को व्यस्त रहेर कसरी किन परिश्रम गरिरहेछन् ? [2]

(iv) यस कविताको मूल भाव लेख्नुहोस्। [5]

**Question 8** [10]

'शहीदहरूको सम्झनामा' शीर्षक कविताले हामीलाई कस्तो सन्देश दिएको छ, विवेचना गर्नुहोस्।

**Question 9** [10]

'एकेक सूर्यको शक्ति निहित
एक चामेको, एक रामेको
विवेक- ज्योतिले विश्व सिंगार्छौं!!'

– प्रस्तुत कवितांशको भाव स्पष्ट पार्दै यस कविताले व्यक्त गरेको समाज चेतनाबारे चर्चा गर्नुहोस्।



Downloaded From www.icseboard.org

# जुनेली रेखा (JUNELI REKHA)

**Question 10**

तलका गद्यांश पढ्नुहोस् अनि सोधिएका प्रश्नहरूका उत्तर लेख्नुहोस्।

"हजुर, घर खाली छ, कोही मान्छे छैन, चीजबीज पनि छैन, सब लागेछ, घर शून्य छ'' छोटा बेहराले रिपोट दियो।

(i) यहाँ वक्ता को हुन् ? [1]

(ii) कसको घरको कुरा यहाँ गरिएको छ ? घर किन शून्य छ ? [2]

(iii) बेहराले कसलाई किन रिपोट गरिरहेको छ ? [2]

(iv) घर खाली गरेर जाने व्यक्ति को हो ? उसले के कारण घर छोड्नुपर्‍यो वर्णन गर्नुहोस्। [5]

**Question 11** [10]

'जुनेली रेखा' उपन्यासले कस्ता मानिसहरूको जीवन र परिस्थितिको विषय वर्णन गरेको छ ? यहाँ कुन प्रथाले श्रमिकको जीवनमा के कस्तो प्रभाव पारेको छ ? उपन्यासको आधारमा चर्चा गर्नुहोस्।

**Question 12** [10]

"उ फेरि आफ्नो बिछौनामा ढल्क्यो तर निदाउन सकेन। हिजै मात्र सर्वदाका निम्ति बलजफ्ती छोडेर आउनुपरेको कमानको मायाले उसको मुटुमा गाँठो पर्‍यो।''

उक्त कुरा कसको विषयमा भनिएको हो ? उसले के कारण कमान छोड्न पर्‍यो सविस्तार वर्णन गर्नुहोस्।

# अनि देवराली रून्छ (ANI DEORALI RUNCHA)

**Question 13**

निम्न अवतरित गद्यांश पढ्नुहोस् अनि सोधिएका प्रश्नहरूका उत्तर लेख्नुहोस्।

भुजेल – यो रूख ता तामाकोशी किनारमा लडिराख्याथियो। यसैले काटें हजूर।

बुढानाथ – तामाकोशी होस् कि सुनकोशी होस्, यहाँको सेरोफेरो जति पनि गाउँ छ त्यसको तिरो म बुझ्दैछु। यहाँको जिमुवाल मु हुँ। तामाकोशी खोलाको छेउछाउको रूख काट्नु त परै जावोस्, त्यहाँको माछा खानु पनि सबैले मलाई सोध्नुपर्छ बुझिस् ?

Downloaded From www.icseboard.org

चतुरमान– (झट्टै) सबैले चाइने मालिकलाई सोध्नुपर्छ बुझिस् ? (प्रसङ्ग बदलेर) हैन पाँडेकाजी, यो भुजेल बजियालाई चाइने अलिकति शास्ती दिनुपर्छ।

(i) यहाँ कसले रूख काटेका हुन् ? **[1]**

(ii) तामाकोशी र सुनकोशी भन्नाले के बुझिन्छ ? **[2]**

(iii) 'तिरो' को अर्थ के हो ? चुडानाथले "यहाँको जिमुवाल मु हुँ।" भनेर कसलाई के भनिरहेको छ ? **[2]**

(iv) प्रस्तुत अवतरणको पात्र चतुरमान को हो ? उक्त अवतरणबाट दुई वक्ताको मनसाय कस्तो देखिन्छ ? स्पष्ट पार्नुहोस्। **[5]**

## Question 14 **[10]**

"रणधोज –(वाण लागे झैं) यो कसरी हुन सक्छ कार्की मुखिया ? जुनालाई मुइले कसरी मनाउनु ? फेरि दुल्हाले के भन्ला ? उसकी आमाले के भन्लिन्।

–उपर्युक्त अवतरणको वक्ता को हुन् ? किन यसरी अफठ्यारो मान्दै कसलाई के मनाउनु परिरहेको छ ? सविस्तार वर्णन गर्नुहोस्।

## Question 15 **[10]**

'अनि देवराली रून्छ' नाटकमा धनी मानिसको कुटनीति तथा शोषणबाट पिरोलिएर गरीबहरु मुगलान पस्न बाध्य भएको यथार्थ चित्रण गर्नुहोस्।



Downloaded From www.icseboard.org